मल्लरानी गाउँपालिका
Mallarani Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
खलंगा, प्यूठान, लुम्बिनी प्रदेश, नेपाल
Khalanga, Pyuthan, Lumbini Province, Nepal
✆: 086420180
✉:info@mallaranimun.gov.np
Website:
www.mallaranimun.gov.np

प.सं.२०८१/०८२
च.नं.-

## वेरोजगार व्यक्ति सूचीमा सूचीकृत हुनका लागि निवेदन दिने सम्बन्धी सूचना ।

## सुचना प्रकाशित मितिः२०८१।११।०१

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५(दोस्रो संशोधन,२०७८) को दफा १८ बमोजिम नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस मल्लरानी गाउँपालिका प्यूठानमा आर्थिक वर्ष २०८२।८३ को लागि न्यूनतम रोजगारीमा आवद्ध भइ सार्वजनिक विकास निर्माणको काम गर्न ईच्छुक १८-५९ वर्ष उमेर समुहका वेरोजगार व्यक्तिहरुले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा मिति २०८१ फाल्गुण महिना भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनसाथ तपसिल विवरणहरु यथार्थ र अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ। विवरण नपुगेका र आवश्यक कागजात संलग्न नगरिएका फारमहरु प्राप्त भएमा निवेदन अस्वीकृत हुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

- निवेदकको सम्पूर्ण सदस्यहरुको नाम, जन्ममिति, नागरिकता नं, जारी जिल्ला, जारी मिति खुल्ने नागरिकताको प्रतिलिपि।
- निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, दक्षता र रोजगारीको अवस्था।
- स्थायी वासस्थान खुल्ने आवश्यक कागजातको प्रतिलिपि, फोटो, वसाईसराई, विवाह दर्ता आदि ।
- कुल वार्षिक पारिवारिक आम्दानी, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिएको नलिएको विवरण ।
- यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा निम्न विवरणः
  देशको नाम,पासपोर्ट नं र विदेशमा गरेको कामसंग सम्बन्धीत सीप।

**नोटः निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, मल्लरानी गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।**

२०८१।११।१..
गिर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**गीर बहादुर सेजुवाल**
**प्रमुख प्रशासकीय अधिकृत**

"कृषी, वन, पर्यटन र पूर्वाधारः सामाजिक विकास र सुशासन समृद्धमल्लरानीको आधार"

Scanned with CamScanner